# स्थानीय पाठ्यक्रमले विद्यार्थीको जीवनमा पारेको प्रभाव

गंगाराम पौडेल
शिक्षा विभाग, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम
इमेलः paudelgangaram0@gmail.com

## सारकथन

स्थानीय पाठ्यक्रम स्थानीयतहमा नै निर्माण गरिन्छ, यसले स्थानीय ज्ञान, सीप, क्षमता र विकासलाई जोड दिन्छ । स्थानीय पाठ्यक्रमले अँगालेको विषयले आफ्नो क्षेत्रका ज्ञान सीप प्रदान गर्दछ । प्रस्तुत लेखमा इलाम नगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रमले विद्यार्थीको अध्ययनमा पारेको प्रभावलाई हेरिएको छ । यस लेखमा नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा अध्यापन गराइने विषयहरुमध्ये पर्यटन र विकाससँग सम्बन्धित विषयको पाठ्यक्रम निर्माण गरी लागु गरिएका विद्यालयहरुका विद्यार्थीहरुको शैक्षिक उपलब्धीको अध्ययन गरिएको छ । यो अध्ययनमा इलाम नगरपालिका वार्ड नं ७ मा रहेको श्री आदर्श मा.वि.मा लागु गरि कक्षा ६,७ र ८ का विद्यार्थीले अध्ययन गरेको स्थानीय पाठ्यक्रमले पारेको प्रभाव विश्लेषण गरिएको छ । अध्ययनमा वर्णनात्मक अनुसन्धान ढाँचालाई प्रयोग गरी उद्देश्य पुरा गर्ने प्रयत्न गरिएको छ ।अध्ययनका लागि सूचना सम्वन्धित विद्यालयका प्रधानाध्यापक र विद्यार्थीहरुसँग प्रत्यक्ष कुराकानी, अन्तर्वार्ता, अवलोकन विधिबाट प्राथमिक स्रोतहरु तथा सम्वन्धित विद्यालय, नगर शिक्षा शाखा र सम्बन्धित कक्षाका पाठ्यपुस्तकहरुबाट द्धितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ । “पर्यटन र विकास” शीर्षकको पाठ्यक्रम निर्माण गरी इलाम नगरपालिकाले लागु गरेको र त्यसको अध्ययन पश्चात् विद्यार्थीमा देखिएको परिर्वतनको आँकलन गरिएको छ । स्थानीय पाठ्यक्रमले विद्यार्थीमा चेतना बढेको, साँस्कृतिक सामाजिकरुपमा चासो बढेको, समसामयिक विषयमा छलफलमा भागलिइ आफ्नो राय राख्न सक्ने भएको, कला संस्कृतिको संरक्षण आफैँले गर्नुपर्छ भन्ने चेतना विकास भएको अध्ययनको निष्कर्ष रहेको छ । स्थानीय तहभित्र रहेका धेरै विषयहरु महत्वपूर्ण हुँदाहुँदै तीविषयहरु ओभ्फेलमा परेको देखिएको छ । दुर्गम क्षेत्रका कतिपय विषय केन्द्रीय पाठ्यक्रमले नसमेट्ने हुँदा स्थानीय पाठ्यक्रमले स्थान विशेष रुपमा समेटेको र यस्ता विषयले ठूलो परिवर्तन गरेको पाइयो । विद्यार्थीको जीवनमा मुख्य रुपमा आर्थिक, सामाजिक, नीतिगत, चेतनागत, साँस्कृतिक र भौगोलिक प्रभाव परेको अध्ययनको निष्कर्ष रहेको छ ।

*मुख्यशब्दावली:* स्थानीय पाठ्यक्रम, पर्यटन विकास, सांस्कृतिक पहिचान, समुदायमुखी शिक्षा, शैक्षिक समानता

**परिचय**

शिक्षा व्यक्ति, समाज र राष्ट्रको विकासका लागि आधारभूत माध्यम हो । यस सन्दर्भमा स्थानीय पाठ्यक्रमले विशेष भूमिका खेल्दछ, किनभने यसले विद्यार्थीलाई उनीहरुको समुदाय, परम्परा र सांस्कृतिक पहिचानसँग जोड्न मद्दत गर्दछ । स्थानीय पाठ्यक्रमको प्रयोगले केवल शैक्षिक ज्ञान मात्र नभई विद्यार्थीको जीवनसँग प्रत्यक्ष सम्बन्धित व्यवहारिक र सामाजिक सीप विकास गर्न पनि सहयोग गर्दछ (Tyler,1949) । स्थानीय पाठ्यक्रम विद्यार्थीको दैनन्दिन जीवनसँग नजिकको सम्बन्ध राख्ने भएकोले यसले उनीहरुको जिज्ञासा जागृत गर्न, सिकाइ प्रक्रियालाई रुचिकर बनाउन र ज्ञानलाई व्यवहारिक बनाउने कार्य गर्दछ । जस्तै UNESCO (2017) को प्रतिवेदनअनुसार, स्थानीय पाठ्यक्रमले शिक्षा प्रणालीलाई समुदायका आवश्यकता र प्राथमिकताहरुसँग एकिकृत गर्न मद्दत गर्दछ । त्यसैगरी, स्थानीय पाठ्यक्रमले विद्यार्थीको जीवनमा प्रभाव पार्ने कुराको पनि व्याख्या गरेको छ । यसले विद्यार्थीमा स्वाभिमान, सामाजिक जिम्मेवारी र सांस्कृतिक सद्भाव जस्ता गुणहरुको विकास गर्छ । अध्ययनहरुले देखाएका छन् कि स्थानीय पाठ्यक्रममा आधारित शिक्षाले विद्यार्थीको सृजनशीलता र आत्मविश्वास बढाउने मात्र होइन, उनीहरुको समग्र शैक्षिक व्यवहारलाई पनि सुधार गर्ने सम्भावना रहन्छ (Banks, 2008)। नेपालजस्तो विविधजातीय, सांस्कृतिक र भौगोलिक विशेषता भएको देशमा स्थानीय पाठ्यक्रमले अझ महत्वपूर्ण भूमिका खेल्छ । स्थानीय समुदायको इतिहास, भूगोल र सामाजिक संरचनाको समावेशीकरणले विद्यार्थीलाई उनीहरुको समाजप्रति जिम्मेवार नागरिक बनाउन सहयोग पु-याउँछ (Sharma, 2015) ।

स्थानीय पाठ्यक्रम विद्यार्थीको जीवनसँग प्रत्यक्ष जोडिने भएकाले यसले विद्यार्थीको शैक्षिक, व्यक्तिगत र सामाजिक विकासमा महत्वपूर्ण योगदानपु-याउँने देखिन्छ । यसले गर्दा यसको प्रभावको अध्ययन र अनुसन्धानलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।

मानवजीवनको महत्वपूर्ण र व्यवहारिक पक्ष भनेको शिक्षा हो । शिक्षाद्धारा नै मानवजीवनले पूर्णता प्राप्त गर्दछ । शिक्षाले मानवजीवनको आर्थिक, सामाजिक, साँस्कृतिक, आध्यात्मिक उन्नति भएको छ । शिक्षाको प्रमुख उद्देश्य व्यक्तिलाई आदर्श र कर्तव्यनिष्ठ नागरिक तयार गर्नु हो । शिक्षा बालवालिकाको नैसर्गिक अधिकार हो (नेपालको संविधान, २०७२) । हरेक बालबालिकालाई गुणस्तरीय शिक्षादिननिश्चित पाठ्यक्रमबनाइएको हुन्छ । पाठ्यक्रम सिकाइ र शिक्षाको मेरुदण्डको रुपमा लिइन्छ । पाठ्यक्रम शैक्षिक

कार्यकलापको संगठित ढाँचा हो । पाठ्यक्रममा विद्यालयभित्र र बाहिर गरिने कार्यकलापहरु समेटिएको हुनुपर्दछ । बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक,संवेगात्मक सबै पक्षको विकासलाई समावेश हुने गरी बनाइनु पर्दछ। पाठ्यक्रममा सिकाइका सम्पूर्ण अनुभवहरु समावेश भएका हुन्छन् । यस अनुसन्धान अन्तर्गत इलाम नगरपालिकाभित्रको आदर्श मा.वि. का कक्षा ६, ७ र ८ मा पढाइने स्थानीय पाठ्यक्रमअनुसार तयार गरिएको “पर्यटन विकास” शीर्षकको पाठ्यपुस्तकसँग सम्बन्धित रहेर अध्ययन गरिएको छ।

नेपालको संविधानले स्थानीयतहको व्यवस्था गरेपछि स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रिया शुरु भएको हो । संविधानले दिएको अधिकारको प्रयोग गरी वि. सं. २०७३ सालमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न थालिएका हो। इलाम नगरपालिका पूर्वी नेपालको पर्यटकीय सम्भावना बोकेको नगरपालिका भएकोले पर्यटनको विकास यसको मुल उद्देश्य रहेको देखिन्छ । पुनसंरचना पछिको पहिलो निर्वाचित स्थानीय सरकारले स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरेको हो। नगरपालिकाले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका पक्षलाई समेटेर स्थानीय पाठ्यक्रम बनाएको छ। यो पाठ्यक्रम नगरपालिका क्षेत्रका विद्यार्थीका लागि महत्वपूर्ण देखिन्छ । यो पाठ्यक्रम स्थानीय साँस्कृतिक, पर्यटन, कला, जनजीवन, भूगोल, इतिहासलाई समेटेर बनाइएको छ। पाठ्यक्रम निर्माण विज्ञ समुहबनाइ गरेको पाईन्छ । राष्ट्रिय पाठ्यक्रमप्रारुप २०६३ र स्थानीय पाठ्यक्रम निर्माण तथा निर्देशिका २०७१ का अनुसार स्थानीय पाठ्यक्रम निर्माण अगाडि बढेको पाईन्छ । नेपालको संविधान २०७२ अनुसार स्थानीय तहलाई स्थानीय पाठ्यक्रम निर्माण गर्न अधिकार प्रत्यायोजन गरेकाले स्थानीय पाठ्यक्रम निर्माण भएको पाईन्छ ।यो स्थानीय पाठ्यक्रम विद्यालयमा नियमित पठनपाठन गर्ने उद्देश्यले पाठ्यसामाग्रीको रुपमा निर्माण गरी लागु गरिएको छ । स्थानीय स्तरका कृषि, पर्यटन, पुर्वाधार,संस्कति जस्ता विषय समेटेर स्थानीय पाठयक्रम निर्माण गरिएको छ ।

स्थानीय पाठ्यक्रम निदेशिका २०६४ ले केन्द्रको ८० प्रतिशत र स्थानीय तहको २० प्रतिशत स्थानीय तहबाट निर्माणको प्रावधान भएकाले  इलाम नगरपालिकाले कक्षा ६, ७, ८ का पाठ्यक्रम बनाइ लागु गरेकोले त्यसको प्रभाव विद्यार्थीमा सकारात्मक परेको देखिन्छ । पाठ्यक्रमको प्रभाव विद्यार्थीको भविष्य निर्माण गर्न, चेतनशील समाजको निर्माण, नीतिनिर्माण, स्थानीय ठाउँ बनाउन आफैं सक्रिय हुनुपर्छ भन्ने सन्देश पाठ्यक्रमले दिएको छ । नगरपालिका भित्रका सबै विद्यालयमा यो पाठ्यक्रम लागु भए पछि आफ्नो क्षेत्रको वस्तुस्थिति र भूगोलको अध्ययनबाट कसरी लाभ हुन्छ भन्ने स्पष्ट भएको छ । शिक्षा

चेतना र विकासको मेरुदण्ड हो भन्ने कुरालाई आत्मसात गर्नुपर्छ । विश्वमा जतिपनि विकास भएको त्यसको आधार शिक्षा नै हो । सबै विकास सरकार र केन्द्रले मात्र गर्छ भन्ने आशयबाट मुक्तहुन जरुरी देखिन्छ । कक्षा ६,७ र८ का ४० जना विद्यार्थीमा गरिएको यो अध्ययनबाट स्थानीय आवश्यकता र चाहनालाई समेटेर स्थानीय पाठ्यक्रम बनाउन कोशिस गरिएको देखिन्छ ।

स्थानीय पाठ्यक्रमले स्थानीय पेसा, व्यापार, व्यवसाय, स्थानीय आवश्यकताका विषयवस्तुहरु, ऐतिहासिक र धार्मिक महत्वका स्थानीय सम्पदा, स्थानीय तहका कला र संस्कृतिहरु, स्थानीय तहका स्रोत र साधनहरु समेटेको हुनु पर्दछ । नेपालको सन्दर्भमा स्थानीय पाठ्यक्रम ज्यादै महत्वपूर्ण मानिन्छ किनभने हाम्रो देश विविधताले भरिएको छ । स्थानीय तहमा सचेतना, शिक्षा प्रतिको जनचेतना विकास गराउने, स्थानीय जनताको शिक्षाप्रति सहभागिता बढाउन, स्थानीयलाई उत्तरदायी बनाउन स्थानीय पाठ्यक्रम उपयोगी मानिन्छ । स्थानीय पाठ्यक्रमका आवश्यकता सन्दर्भ सुहाउँदो पाठ्यक्रम निर्माण गर्न, आवश्यकतामा आधारित विषयवस्तु छनोट गर्न, स्थानीय ज्ञान सीप र मुल्यमान्यताको संरक्षण गर्न, स्थानीय स्रोतसाधनको परिचालन गरी स्थानीय मानिसहरुलाई विद्यालयका क्रियाकलापमा संलग्न गराइ समुदाय र विद्यालयबीच सुमधुर सम्बन्ध स्थापना गराउन महत्वपूर्ण मानिन्छ । स्थानीय पाठ्यक्रम राम्रो बनाए पनि कार्यान्वयन भएन भने त्यसको कुनै अर्थ नहुने प्रतिक्रिया शिक्षक विद्यार्थीको रहेको देखिन्छ । हाम्रो जस्तो गरीव मुलुकमा पाठ्यक्रम कार्यान्वयनका क्रममा देखापर्ने अवरोध र चुनौतिहरु समेतलाई ध्यान दिनु आवश्यक ठानिन्छ ।

स्थानीय पाठ्यक्रमले विद्यार्थीलाई उनीहरुको सामाजिक, सांस्कृतिक र आर्थिक परिवेशसँग जोड्ने अवसर दिन्छ । तर, यसको प्रभावकारिता कसरी विद्यार्थीको जीवनलाई समृद्ध बनाउन सक्षम छ भन्ने विषयमा प्रमाणको अभाव छ । त्यो अभावलाई यस अनुसन्धानले प्रष्ट्याउन मद्दत पु-याउँछ । नेपालजस्तो बहुसांस्कृतिक समाजमा स्थानीय पाठ्यक्रमले विविध जातीय, भाषिक र सांस्कृतिक पक्षलाई समेट्न महत्वपूर्ण भूमिका खेल्छ । यद्यपि, यसको प्रभाव कस्तो छ भन्ने सवालमा पर्याप्त तथ्यगत प्रमाण छैन । यसबारे अध्ययन गर्नाले स्थानीय ज्ञानको महत्व बुझ्न र त्यसलाई पाठ्यक्रमको अभिन्न अंश बनाउन सहयोग पुग्छ । स्थानीय पाठ्यक्रम लागू गर्दा आईपर्ने चुनौतीहरु र विद्यार्थीको सिकाइ प्रक्रियामा यसले पु-याउने सकारात्मक वा नकारात्मक असरको पहिचान गर्न यो अनुसन्धानले मार्गदर्शन गर्दछ । यसले शिक्षामा सुधार र नीतिनिर्माणका लागि आधार प्रदान गर्दछ । त्यस्तै, विश्वव्यापीकरणका कारण स्थानीय पाठ्यक्रमको आवश्यकता घट्दै गएको जस्तो देखिन्छ । यद्यपि, यसले विद्यार्थीलाई आत्मपहिचान र स्थानीय

समुदायसँगको सम्बन्ध बलियो बनाउन सहयोग पु-याउँछ । यस सन्दर्भमा यसको दीर्घकालिन प्रभावबारे प्रष्ट पार्नका लागिपनि यो अनुसन्धान आवश्यक छ । स्थानीय पाठ्यक्रमले ग्रामीण र दुर्गम क्षेत्रका विद्यार्थीलाई उनीहरुको आवश्यकता र प्राथमिकता अनुसार सिक्न अवसर दिन्छ । तर, यसको प्रभावको तुलनात्मक अध्ययननगरेसम्म यो प्रयासको वास्तविक उपलब्धि प्रमाणित गर्न गाह्रो हुन जानेछ ।

स्थानीय पाठ्यक्रमले विद्यार्थीको जीवनमा महत्वपूर्ण भूमिका खेल्ने सम्भावना भएकाले यसबारे अनुसन्धानले शिक्षाको सन्दर्भमानयाँ दृष्टिकोण प्रस्तुत गर्न सक्दछ । यसले केवल विद्यार्थी र समुदायको विकास मात्र होइन, राष्ट्रिय शिक्षा प्रणालीको गुणस्तर सुधारका लागि ठोस आधार तयार पार्न सक्छ । यिनै कारणहरुले गर्दा अनुसन्धानका लागि यो शीर्षक छनौट गरिएको हो ।

**सांस्कृतिक सापेक्षता सिद्धान्त**

यस अध्ययनको प्राप्ति हरुलाई विश्लेषण गर्नका लागि सांस्कृतिक सापेक्षता सिद्धान्त (Cultural Relativism Theory) को प्रयोग गरिएको छ । यो सिद्धान्तले समाजका विविध सांस्कृतिक मान्यता, परम्परा र मूल्यहरुको सन्दर्भमा शैक्षिक प्रणालीलाई बुझ्न सहयोग पु-याउँदछ । कुनै पनि सांस्कृतिक अभ्यास वा प्रणालीलाई त्यसकै सन्दर्भमा विश्लेषण गर्नुपर्छ भन्ने यस सिद्धान्तको मुख्य धारणा रहेको छ । Franz Boas (1858–1942) ले यो सिद्धान्तको प्रारम्भिक अवधारणा ल्याएका थिए । उनले हरेक समुदायका आफ्नै अनौठा मान्यता र अभ्यास हुने र ती आफैँमा महत्वपूर्ण हुने कुरा बताएका थिए । यस सिद्धान्तले स्थानीय पाठ्यक्रमको प्रभावलाई बुझ्न सैद्धान्तिक आधार प्रदान गर्दछ । यस सिद्धान्तको प्रयोगले स्थानीय पाठ्यक्रमको ढाँचा र कार्यान्वयनमा आवश्यक पर्ने महत्वपूर्ण विषयहरु पहिचान गर्न सहयोग पु-याउँछ । विद्यार्थीहरुले आफ्नो समुदाय र सांस्कृतिक सम्बन्धलाई कसरी बुझीरहेका छन् भन्ने कुरालाई विश्लेषण गर्न यो सिद्धान्त उपयोगी हुन्छ । यो सिद्धान्तले यस अध्ययनलाई सैद्धान्तिक आधार प्रदान गर्दै विद्यार्थीको जीवनमा स्थानीय पाठ्यक्रमले पारेको प्रभावलाई गहिरोसँग बुझ्न सहयोग पु-याउँछ ।

**उद्देश्य**

यस लेखको उद्देश्य स्थानीय पाठ्यक्रम कार्यान्वयनले विद्यार्थीको जीवनमा पारेको प्रभाव आँकलन गर्नु, स्थानीय पाठ्यक्रमप्रति सरोकारवालाको भूमिका पहिल्याउनु, स्थानीय पाठ्यक्रम कार्यान्वयन पछिका अवस्था र उपलब्धीको खोजी गर्नु रहेको छ ।

## अध्ययन विधि

यो लेखपूर्णरुपमा गुणात्मक ढाँचाको रहेको छ । सन्दर्भ अनुसार वर्णनात्मक विधि अपनाइएको छ । अध्ययन सम्पन्न गर्नका लागि इलाम जिल्ला, इलाम नगरपालिका वार्ड नं.७ मा रहेको आदर्श मा.वि.मा लागु भएको स्थानीय पाठ्यक्रमको कक्षा ६,७ र ८ का विद्यार्थीहरुलाई जनसंख्याको रुपमा लिइएको छ । त्यसमध्ये उद्देश्यमूलक नमुनाका आधारमा कक्षा ६ का १० जना, कक्षा ७ का १० जना र कक्षा ८ का २० जना गरी ४० जना विद्यार्थी छनोट गरिएको छ । अध्ययन सम्पन्न गर्न लागि आवश्यक पर्ने तथ्याङ्क संकलनका साधनका रुपमा अन्तर्वार्ता सूची, अवलोकन फारम र प्रश्नावली सूचीप्रयोग गरिएको छ । तथ्याङ्कबाट प्राप्त हुन आएका सूचनालाई उद्देश्य अनुसार वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

सहभागीहरुसँग अन्तर्वार्ता, प्रश्नावली र अवलोकन फारम भरिने प्रक्रियाहरुलाई व्यवस्थित रुपमा सम्पन्न गरियो । सहभागीहरुसँग अन्तर्वार्ता लिँदा प्रारम्भमा सहभागी छनोट गर्न उद्देश्यमूलक नमूना विधि अपनाइयो । शिक्षक, विद्यार्थी, अभिभावक र विषय विशेषज्ञलाई प्राथमिकता दिइयो । अन्तर्वार्ता लिनका लागि अर्ध-संरचित अन्तर्वार्ता निर्देशिका तयार गरियो, जसमा सहभागीहरुले स्वतन्त्र रुपमा आफ्नो विचार व्यक्त गर्न सक्ने खुला प्रश्नहरु समावेश गरिएका थिए । अन्तर्वार्ता अघि सहभागीहरुलाई अध्ययनको उद्देश्य र गोपनियताबारे जानकारी दिइयो, रेकर्डिङका लागि सहमति लिइयो र आवश्यकता अनुसार अन्य प्रश्नहरु सोधियो ।

प्रश्नावली भराउन संरचित र अर्ध-संरचित प्रश्नहरुको ढाँचा निर्माण गरियो, जसमा बहु-वैकल्पिक, रेटिङ स्केल र खुला उत्तरका लागि ठाउँ राखिएको थियो । प्रश्नावली वितरण गर्दा सहभागीहरुलाई यसको उद्देश्य बुझाइयो र आफैँ भर्न कठिन भएको खण्डमा अनुसन्धानकर्ता स्वयंद्वारा सहजीकरण गरियो । अवलोकन फारम भर्दा अवलोकनका उद्देश्यहरु निर्धारण गरियो, जस्तै विद्यार्थीको कक्षा सहभागिता, शिक्षकको शिक्षण विधि । सहभागीहरुको व्यवहार र सन्दर्भजन्य पक्षहरुलाई प्रत्यक्ष अवलोकन गरी तथ्यहरु टिपोट गरियो । यसले अनुसन्धानलाई भरपर्दो बनाएको छ । यी विधिहरुको समग्र प्रयोगले अनुसन्धानको गुणस्तर र प्रामाणिकता सुनिश्चित गर्न मद्दत पु-याएको छ ।

**नतिजाको विश्लेषण**

प्रस्तुत लेखका लागि इलाम जिल्ला, इलाम नगरपालिका वार्ड नं.७ मा रहेको आदर्श माध्यमिक विद्यालयका कक्षा ६-८ मा कार्यान्वयन गरिएको स्थानीय पाठ्यक्रमको प्रभावको अध्ययन गरिएको छ। "पर्यटन विकास" शीर्षकको पाठ्यक्रम इलाम नगरपालिकाले निर्माण गरी कार्यान्वयनमा ल्याएको हुँदा

त्यसले विद्यार्थीको सिकाइ उपलब्धीमा पारेको प्रभावको अध्ययन गरी विश्लेषण गरिएको छ । जनसँख्याको रुपमा इलाम नगरपालिकाको आदर्श माध्यमिक विद्यालयका कक्षा ६-८ विद्यार्थीहरु, शिक्षक, प्रधानाध्यापक, नगर शिक्षा शाखाका प्रमुख, सम्वन्धित विषय पढाउने शिक्षकसँग लिइएको अर्न्तवार्ता, प्रश्नावलीको प्रयोग, समुह छलफल र अभिलेख अध्ययन गरी तथ्याङ्कको विश्लेषण गरिएको छ । तथ्याङ्कका आधारमा विश्लेषण गर्दा स्थानीय पाठ्यक्रमको कार्यान्वयन पछि विद्यार्थीको सिकाइ उपलब्धीमा पारेको प्रभावको विश्लेषण निम्नअनुसार गरिएको छ -

***स्थानीय समाजको समकालिन अध्ययनको प्रभाव***

स्थानीय पाठ्यक्रमको अध्ययन पछि विद्यार्थीमा समकालिन समाजमा घट्ने घटनाको जानकारी भएको, आफू बसेको समाजको वस्तुस्थिति कस्तो छ र यसको आवश्यकता केहो भन्ने विषयमा स्थानीय पाठ्यक्रमले प्रष्ट पारेको विद्यार्थीको धारणा पाइयो । आदर्श माध्यमिक विद्यालयका प्रधानाध्यापकले स्थानीय पाठ्यक्रम लागु भएपछि समाजप्रतिको धारणा विद्यार्थीमा फरक भएको बताउनु भयो । पाठ्यक्रमको अध्ययन गर्नुका फाइदा अभिभावकमा चेतना बढेको, छोराछोरीका आवश्यकता पहिचान गर्न सजिलो भएको, आफ्नो समाजको विकास कस्तो गर्ने भन्ने सुझबुझ विद्यार्थीमा बढेको पाइयो । उद्योग, व्यापार, सीप विकास र रोजगारी गराउनमा प्रमुख भूमिका समाजले गर्ने हुनाले त्यसको पूर्वाधार पर्यटन भएको, इलाम नगरपालिकाको परिचय गराएकोले स्थानीय पाठ्यक्रमको भूमिका उलेख्य रहेको छ । यस पाठ्यक्रममा नगरपालिकामा रहेका राष्ट्रिय महत्वका स्थल, तिनको धार्मिक, सांस्कृतिक, पर्यटकीय महत्वलाई समेटेर आर्थिक सबलीकरणलाई समेत जोड दिएको पाईन्छ । यस नगरपालिकामा हुने खेतीपाती, पशुपालन, उद्योग व्यवसाय, सीप र रोजगारीका अवस्थाबारे पनि पाठ्यपुस्तकबाट जानकारी पाईन्छ । स्थानीय स्तरमा रहेका विभिन्न प्रविधिको सँरक्षण गर्नुका साथै सामाजिक रुपान्तरण र आधुनिकीकरणमा समेत जोड दिएको पाईन्छ ।

***स्थानीय सीप विकासले पार्ने प्रभाव***

स्थानीय पाठ्यक्रम स्थानीय स्तरमा निर्माण गरिने पाठ्यक्रम हो । यसले स्थानीय सीप विकासमा, सम्वर्द्धन र संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । स्थानीय स्तरमा महत्वपूर्ण रहेका तर राष्ट्रिय स्तरमा ओझेलमा परेका स्थानीय प्रकृतिका मौलिक सीपहरु स्थानीय पाठ्यक्रममा समेटेकाले पाठ्यक्रमका विषयवस्तुहरुमा विद्यार्थीमा चाख बढेको देखियो । स्थानीय आवश्यकतालाई ध्यान दिएर पाठ्यक्रम निर्माण गरिएकाले स्थानीय कलामा समेत प्रभाव पारेको देखिन्छ । आदर्श मा.वि.मा कक्षा ८ का सुजन थेवेका

अनुसार यो पाठ्यक्रम पढेपछि आफूमा स्थानीय रुपमा पर्यटनको विकासमा लाग्ने धारणा व्यक्त गरेको पाइयो ।

***नीतिगत व्यवस्थाले पार्ने प्रभाव***

स्थानीय पाठ्यक्रम विकेन्द्रीकृत शैक्षिक व्यवस्थापनका सिद्धान्तमा आधारित स्थानीय तहका ज्ञान, सीप, दक्षता, कला संस्कृति, पेसा व्यवसाय आदि स्थानीय पाठ्यक्रमले समेटेको हुन्छ । राष्ट्रिय अन्तर्राष्ट्रिय समेतको विश्लेषण गर्दा लोकतान्त्रिक, खुला, समावेशी सन्तुलित समाज र राष्ट्रिय आवश्यकता पुरा गर्ने जीवन उपयोगी काममा आधारित सिद्धान्तहरुबाट प्रेरित पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । स्थानीय आवश्यकता र समस्या समाधान गर्न स्थानीय व्यक्तिहरुको संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गर्ने नीति लिएको हुँदा स्थानीय पाठ्यक्रम प्रभावकारी रहेको छ। स्थानीय पाठ्यक्रमले स्थानीय ज्ञान सीप प्रविधि जस्ता कुराहरुलाई प्राथमिकता दिएको हुँदा उक्त कुरालाई यो पाठ्यक्रमले जोड दिएको पाइयो । स्थानीय आवश्यकता पर्यटन भएको हुँदा त्यसैलाई जोड दिएको पाईन्छ । प्रत्येक विद्यालयका विद्यार्थीका स्थानीय आवश्यकता फरक भएकाले पाठ्यक्रमको अगुवाइ यस विद्यालयले लिएको पाईयो । किताबी ज्ञान मात्र आजको आवश्यकता नभएको शिक्षकहरुको भनाइ रहेको पाईन्छ । स्थानीय पाठ्यक्रमले मात्र स्थानीय आवश्यकता पुरा गर्न सक्छ; त्यो व्यवहारिक, कार्यमूलक बन्नसक्ने देखिन्छ ।

***स्थानीय पाठ्यक्रम निर्माणको अभ्यासले पार्ने प्रभाव***

स्थानीय पाठ्यक्रम निर्माणको अभ्यास स्थानीय पाठ्यक्रम निर्देशिका २०६४ बाट भएको पाईन्छ । स्थानीय स्रोत साधन सामाग्री सम्वन्धमा प्रशिक्षण सामाग्री २०६७ तयार गरिएको पाईन्छ । सोहीअनुसार इलाम नगरपालिकाको कार्यपालिकाले पाठ्यक्रम निर्माण गरेको देखिन्छ । स्थानीय पाठ्यक्रमको अभ्यास नगरपालिका सफल रुपमा गरेको देखिन्छ । यो पाठ्यक्रमले गर्दा स्थानीय सरोकारवालाहरुसँग भेलागरिएका, प्रबोधिकरण तालिमलिएको, दक्ष जनशक्ति निर्माण गरिएको,जसका लागि तालिम दिएको, समाजका आवश्यकता पहिचान गर्न विभिन्न सर्भे गरिएकोले स्थानीय विद्यार्थी समेत प्रत्यक्ष सहभागी भइ पाठ्यक्रम गरेकोले यसको प्रभाव देखिएको पाईयो ।

***प्रविधिको प्रभाव***

स्थानीय पाठ्यक्रम निर्माण पछि कार्यान्वयनमा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । आजको समय नै प्रविधिको भएको हुँदा यसमा पाठ्यक्रमले जोड दिनुको विकल्प नभएको विद्यार्थीको भनाइ रहेको पाईयो । पाठ्यक्रम निर्माणकै क्रममा विद्यार्थीहरुको चाहना, रुचि, आवश्यकता र उनीहरुको स्तरलाई ध्यानमा

राखेर विषयवस्तु छनौट गरिनु पर्दछ । इलाम नगरपालिकाले निर्माण गरेको यो पाठ्यक्रम प्रविधिमैत्री देखिन्छ । यस विषयका शिक्षक जीवन सुवेदीका अनुसार सबै विद्यार्थीलाई प्रविधिसँग जोडिएको बताउनु हुन्छ । लागु भएको पाठ्यक्रममा बढि प्रविधिमा आधारित रहेकाले व्यवहारिक रहेको विद्यार्थी सुमन राईको भनाइ छ । पाठ्यक्रममा कम्प्युटर ज्ञान, प्रविधिको मुख्य कुरा भएकाले यसको पुस्तकमा चर्चा गरिएको छ । शिक्षकलाई पनि तालिम दिइ कक्षा सञ्चालन गर्न पठाइएको हुँदा सिकाइ प्रभावकारी देखिन्छ

***स्थानीय संस्कृति र भूगोलले पार्ने प्रभाव***

इलाम नगरपालिका भौगोलिक रुपमा अति सुन्दर र सांस्कृतिक महत्वका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छ । यसको पठनपाठन स्थानीय विद्यालयमा हुँदा विद्यार्थी, अभिभावक र शिक्षकखुशी देखिन्छन् । पाठ्यक्रमले स्थानविशेषका विविध संस्कृति, भाषा, जातजाति, भेषभूषा, जडिबुटी, चिया आदिको अध्ययन गराइएकाले विद्यार्थीमा यसको सकारात्मक प्रभाव परेको देखियो । वातावरण स्थानीय सरोकारका विषयमा समेत पाठ्यक्रममा चर्चा गरिएकोले स्थानीयमा पनि सकारात्मक प्रभाव परेको छ । पर्यटनका दृष्टिले महत्वपुर्ण रहेकाले विद्यार्थीमा त्यसमा चाख बढेको देखिन्छ ।

यस अध्ययनको प्राप्तिहरुले स्थानीय पाठ्यक्रमले विद्यार्थीको जीवनमा सकारात्मक प्रभाव पार्ने कुरा उजागर गरेका छन् । परिचय खण्डमा उल्लेख गरिएका साहित्यहरुसँग यी प्राप्तिहरु मेल खाने देखिन्छ । पहिलो प्राप्तिले देखायो कि स्थानीय पाठ्यक्रमले विद्यार्थीको वास्तविक जीवनसँग सम्बन्धित सीप र ज्ञान विकास गर्न मद्दत गर्दछ । यो Banks (2008) द्वारा प्रस्तुत विचारसँग मेल खान्छ, जसले विविधता र स्थानीय सन्दर्भले शिक्षा प्रणालीलाई अझ प्रभावकारी बनाउने कुरामा जोड दिएका छन् । दोस्रो, अनुसन्धानले देखायो कि स्थानीय पाठ्यक्रमले समुदायसँग विद्यार्थीको गहिरो सम्बन्ध स्थापित गर्न मद्दत गर्दछ, जसले उनीहरुको सांस्कृतिक र सामाजिक पहिचानलाई बलियो बनाउँछ । यो Sharma (2015) को अध्ययनसँग सम्बन्धित छ, जसले नेपालजस्तो बहुसांस्कृतिक समाजमा स्थानीय पाठ्यक्रमको महत्वलाई प्रष्ट पारेका थिए । तेस्रो प्राप्तिले स्थानीय पाठ्यक्रमले विद्यार्थीको आत्मविश्वास र सृजनशीलता बढाउने पुष्टि गरेको छ । यसले Tyler (1949) द्वारा पाठ्यक्रम निर्माणमा दीर्घकालिन दृष्टिकोणको महत्वमा गरिएको जोडलाई समर्थन गर्दछ । अन्ततः अनुसन्धानले स्थानीय पाठ्यक्रमले शिक्षा प्रणालीलाई समुदायका आवश्यकता र प्राथमिकताहरुसँग जोड्न सहयोग पु-याउने देखाएको छ । UNESCO (2017) ले पनि स्थानीय पाठ्यक्रमले शिक्षा प्रणालीलाई दिगो विकासका उद्देश्यहरु हासिल गर्न सहयोग पु-याउने कुरा

प्रकाश पारेको छ । यसरी, परिचय खण्डमा उल्लिखित साहित्यहरुसँग यो अनुसन्धानको प्राप्तिहरु नजिकबाट सम्बन्धितभएका छन्, जसले अनुसन्धानको वैधता र महत्वलाई अझ प्रष्ट बनाएको छ ।

यस अध्ययनका प्राप्तिहरुले स्थानीय पाठ्यक्रमले विद्यार्थीको जीवनमापारेको प्रभावहरुको बारेमा व्याख्या गरेको छ । विशेषगरी, अध्ययनले स्थानीय पाठ्यक्रमले विद्यार्थीहरुको सांस्कृतिक पहिचान, आत्मविश्वास र सृजनशीलतालाई कसरी सशक्त बनाउँछ भन्ने विषयलाई उजागर गरेको छ । यसले शिक्षा प्रणालीलाई केवल औपचारिक ज्ञान दिनेमात्र नभई जीवन र समाजसँग जोड्न सक्ने सशक्त माध्यमको रुपमा पनि प्रस्तुत गरेको छ । व्यक्तिगत रुपमा, यस अनुसन्धानले मेरो दृष्टिकोणलाई अझ गहिरो रुपमा प्रभावित पारेको छ । म यो बुझ्न सक्षम भएँ कि शिक्षा केवल पाठ्यपुस्तकमा मात्र सीमित हुनु हुँदैन । यो विद्यार्थीहरुको समाज, संस्कृति र वास्तविक जीवनका अनुभवहरुसँग सम्बन्धित हुनुपर्दछ । स्थानीय पाठ्यक्रमले विद्यार्थीलाई उनीहरुको समुदायसँग जोड्ने मात्र होइन, समाजको आवश्यकतालाई सम्बोधन गर्ने सीप र ज्ञान प्रदान गर्दछ भन्ने तथ्यलाई यसले बलियो बनाएको छ । यसका अतिरिक्त, प्राप्तिहरुले शिक्षानीति र पाठ्यक्रम निर्माणमा सुधारका सम्भावनाबारे सोच्न प्रेरित गर्छ । जस्तै, पाठ्यक्रम निर्माण गर्दा समुदायका भिन्न सांस्कृतिक मान्यताहरुलाई कसरी समावेश गर्न सकिन्छ भन्ने विषयमा गहिरो छलफल र अनुसन्धान आवश्यक छ । यद्यपि, यस अध्ययनले केही सीमिता र चुनौतीहरु पनि देखाएको छ । विशेष गरी, शिक्षकहरुलाई स्थानीय पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सक्षम बनाउन थप तालिमको आवश्यकता देखिन्छ । यस अध्ययनको प्राप्तिहरुले शिक्षा प्रणालीमा सुधार ल्याउने केही सम्भावनाहरुलाई पनि प्रष्ट पारेका छन् । यी प्राप्तिहरुलाई व्यवहारमा कार्यान्वयन गर्न सके नेपालको शिक्षा प्रणालीलाई समावेशी, प्रासंगिक र सशक्त बनाउन सकिन्छ । यसले हाम्रो समाजलाई शैक्षिक मात्र नभई सामाजिक रुपमा पनि अघि बढ्न मद्दत गर्नेछ ।

यस अध्ययनले स्थानीय पाठ्यक्रमले विद्यार्थीहरुको सांस्कृतिक पहिचान, सामाजिक सम्बन्ध र शिक्षामा समावेशीकरणलाई कसरी सुदृढ पार्न सक्छ भन्ने महत्व उजागर गरेको छ । शैक्षिक नीति निर्माणमा यसले स्थान विशेषका आवश्यकता र विविधतालाई प्राथमिकता दिनुपर्ने देखाएको छ । पाठ्यक्रम निर्माण गर्दा समुदायका सदस्य, शिक्षक र विद्यार्थीहरुको सल्लाहलाई समेट्नु पर्ने देखिन्छ । शिक्षक तालिम कार्यक्रमले स्थानीय सामग्री कार्यान्वयनका लागि स्रोत र सीप विकासमा ध्यान दिनुपर्छ । स्थानीय पाठ्यक्रमले विद्यार्थी र समुदायबीचको सम्बन्धलाई बलियो बनाउँदै सामाजिक उत्तरदायित्व र सांस्कृतिक परम्पराको संरक्षणलाई प्रेरित गर्न सक्छ । साथै, यसले ग्रामीण र शहरी क्षेत्रका विद्यार्थीहरुको शैक्षिक

आवश्यकतालाई सम्बोधन गर्दै समान अवसरको सुनिश्चितता गर्न सहयोग पु-याउँछ । भविष्यमा स्थानीय पाठ्यक्रमलाई दिगो बनाउन अनुसन्धान, नव-प्रवर्तन र डिजिटल प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता रहेको छ । यसले शिक्षालाई विद्यार्थीको जीवन र समाजसँग अझ प्रभावकारी रुपमा जोड्न मद्दत गर्दछ ।

अध्ययनको प्राप्तिहरुले सांस्कृतिक सापेक्षता सिद्धान्तलाई प्रष्ट रुपमा समर्थन गर्छन् । स्थानीय पाठ्यक्रमले विद्यार्थीहरुको सांस्कृतिक पहिचानलाई सुदृढ बनाएको देखियो । यसले समाजको सांस्कृतिक विविधतालाई शिक्षा प्रणालीमा समेट्न सहयोग गरेको छ । सिद्धान्तले जस्तै, पाठ्यक्रमले समुदायको मूल्य र मान्यतासँग विद्यार्थीलाई जोडेको छ । शिक्षण प्रक्रिया स्थान विशेषका परम्परा र आवश्यकता अनुरुप बनाइएको पाईयो । सिद्धान्त अनुसार, पाठ्यक्रमले विद्यार्थीहरुको वास्तविक जीवन अनुभवसँग जोड्ने काम गरेको छ । यसले स्थान विशेषका विविधतालाई सम्बोधन गर्न प्रभावकारी भूमिका खेलेको देखिन्छ । निष्कर्षमा, यी प्राप्तिहरुले सांस्कृतिक सापेक्षता सिद्धान्तका प्रमुख तत्वहरुलाई पुष्टि गरेको पाइयो ।

## निष्कर्ष

“स्थानीय पाठ्यक्रमले विद्यार्थीहरुको जीवनमा पारेको प्रभाव” शीर्षकको यस अध्ययनले स्थानीय पाठ्यक्रमको कार्यान्वयनले विद्यार्थीहरुको जीवनमा पारेको प्रभावलाई गहिरो रुपमा अन्वेषण गरेको छ । यसले विद्यार्थीहरुको शैक्षिक अनुभवलाई कसरी रुपान्तरण गर्दछ भन्ने कुरा बुझ्ने प्रयास गरेको छ । साथै, स्थानीय पाठ्यक्रमप्रति शिक्षक, विद्यार्थी, अभिभावक र समुदायका सदस्यहरुको भूमिका पहिचान गर्नुका साथै पाठ्यक्रम कार्यान्वयन पछिको अवस्था र उपलब्धिलाई विश्लेषण गरिएको छ । अध्ययनका निष्कर्षहरुले देखाएअनुसार, स्थानीय पाठ्यक्रमले विद्यार्थीहरुको सांस्कृतिक पहिचानलाई सुदृढ पार्दै उनीहरुको आत्मविश्वास र वास्तविक जीवन अनुभवसँगको सम्बन्धलाई प्रगाढ बनाएको छ । यसले शैक्षिक उपलब्धिलाई मात्र होइन, विद्यार्थीको समग्र व्यक्ति विकासलाई पनि प्रभावकारी बनाएको छ । अध्ययनले यो पनि प्रष्ट पारेको छ कि सरोकारवालाको सक्रिय सहभागिता र सहकार्य स्थानीय पाठ्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्न महत्वपूर्ण छ ।

यति हुँदाहुँदै पनि, पाठ्यक्रमको प्रभावकारीता सुनिश्चित गर्नका लागि शिक्षक तालिम, स्रोतहरुको व्यवस्थापन र नीति सुधारका क्षेत्रमा थप प्रयास आवश्यक छ । यस अध्ययनले स्थानीय पाठ्यक्रमले शिक्षा प्रणालीलाई प्रासंगिक र समुदायमुखी बनाउने मात्र होइन, समाजको सांस्कृतिक र सामाजिक महत्वलाई

संरक्षण गर्दै समग्र शैक्षिक सुधारका लागि मार्गप्रशस्त गरेको छ । समग्रमा, स्थानीय पाठ्यक्रमले विद्यार्थीहरुको शैक्षिक यात्रा, समुदायसँगको सम्बन्ध र सामाजिक उत्तरदायित्वलाई प्रोत्साहित गर्ने बलियो माध्यमको रुपमा आफूलाई स्थापित गरेको छ । यसले शिक्षा प्रणालीलाई विद्यार्थीको जीवन र समाजसँग अझ प्रगाढ रुपमा जोड्न महत्वपूर्ण भूमिका निर्वाह गरेको निष्कर्ष निकालिएको छ ।

## सन्दर्भ सूची

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन एण्ड डिस्ट्रीब्युटर्स ।

*नेपालको संविधान (२०७२),* नेपाल सरकार, कानून, न्याय तथा संसदिय व्यवस्था मन्त्रालय ।

शर्मा, चिरञ्जीवि र शर्मा, निर्मला (२०८०), *पाठ्यक्रम र मूल्याङ्कन,* विद्यार्थी पुस्तक भण्डार ।

*विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप(२०७६),* नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

*पर्यटन विकास (२०७४),* इलाम नगरपालिका, शिक्षा शाखा ।

*स्थानीय पाठ्यक्रम स्रोत सामाग्री (२०६७),* पाठ्यक्रम विकास केन्द्र ।

Banks, J. A. (2008). *Diversity and citizenship education: Global perspectives.* Jossey-Bass.

Sharma, R. P. (2015). Local curriculum and its implications in Nepalese schools. *Nepalese Journal of Education*, *3*(1), 12–25.

Tyler, R. W. (1949). *Basic principles of curriculum and instruction.* University of Chicago Press.

UNESCO. (2017). *Education for sustainable development goals: Learning objectives.* UNESCO Publishing.